नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरवार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:-

प्रेस विज्ञप्ति

केही दिनयता बजारमा खाना पकाउने एलपी ग्याँसको अभाव रहेको भनी विभिन्न माध्यमबाट सम्प्रेषित सूचनाप्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ।

अघिल्ला वर्षको यसै अवधिमा भएको आयतको तुलनामा हाल नियमित माग धान्न सक्ने परिमाणमा नै ग्याँस आयात र वितरण भइरहेको भएतापनि वि.सं.२०८३ साल साउन महिनादेखि पूरा सिलिण्डर वितरण प्रारम्भ भएपश्चात ग्याँसको मागमा एकैपटक बृद्धि हुन गई बजारमा केही असहजता श्रृजना भएको देखिन्छ। बढदो माग र आपूर्ति बीच सन्तुलन ल्याउन मन्त्रालयले सरोकारवालासँग आवश्यक समन्वय गरी आपूर्ति तथा वितरण व्यवस्थालाई थप प्रभावकारी बनाउने कार्य गरिरहेको छ। पर्याप्त आयात सुनिश्चित गर्न नेपाल आयल निगम र मन्त्रालयबाट कुटनीतिक पहललाई समेत निरन्तरता दिइरहेको अवस्था छ । साथै, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले बजार अनुगमनलाई तीव्र बनाएको छ। नेपाल आयल निगम तथा ग्याँस उद्योगीसँगको समन्वयमा ग्याँस आयात, भण्डारण तथा वितरणको कार्यलाई पारदर्शी र अनुमानयोग्य बनाउनेतर्फ समेत सुधारका कार्यहरु प्रारम्भ भएका छन् ।

तसर्थ ग्याँस वितरणमा हाल देखिएको असहजता केही दिनमा पूर्णरुपमा समाधान हुने भएकोले अफवाह वा भ्रमपूर्ण सूचनाको पछि नलागी आवश्यकताअनुसार मात्र ग्याँस खरिद गर्न र अनावश्यक सञ्चय नगर्न मन्त्रालय सम्पूर्ण उपभोक्ता वर्गमा हार्दिक अनुरोध गर्दछ। साथै, सहज र न्यायोचित वितरण सुनिश्चित गर्न बैकल्पिक सिलिन्डर नभएका सर्वसाधरण उपभोक्तालाई पहिचान गरी प्राथमिकतापूर्वक ग्याँस उपलब्ध गराउने व्यवस्था तत्काल मिलाउन नेपाल आयल निगमका साथै सबै ग्याँस बिक्रेता तथा डिलरहरूलाई मन्त्रालय आग्रह गर्दछ।

कृत्रिम अभाव सिर्जना गर्ने, कालोबजारी गर्ने, तोकिएको कानुनी व्यवस्था उल्लङ्घन गर्ने वा उपभोक्तालाई अनावश्यक दुःख दिने कुनै पनि व्यक्ति वा संस्थामाथि प्रचलित कानुनबमोजिम कडा कारबाही गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

अन्त्यमा, एलपी ग्याँसको आपूर्ति र वितरण कार्यलाई सहज तुल्याउन सम्पूर्ण निजी क्षेत्र, उपभोक्ता अधिकारकर्मी, सञ्चारकर्मी, जनप्रतिनिधि र सम्पूर्ण सरकारी निकाय र आम उपभोक्ताबाट सदा झैं सहयोग प्राप्त हुने अपेक्षा मन्त्रालयले राखेको छ ।

नेत्रप्रसाद सुवेदी
प्रवक्ता

२०८३ साउन १९ गते मंगलवार

फोन नं.: ४२११५७९, ४२११४४६, फ्याक्स नं.: ९७७-१-४२११६१९
Website: http://www.moics.gov.np